# स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिका द्वारा प्रकाशित

खण्डः २, संख्याः ७, भाद्र ६ गते , २०७५

भाग-२

त्रिपुरासुन्दरी गाउँपालिकागाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक,

प्रदेश नं. ३, नेपाल

नेपालको संविधानको धारा, २२१ को उपधारा (१) बमोजिमको त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोमिम बनाएको तल लेखि बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको कार्यविधि संख्या २

## त्रिपुरासुन्दरी गाउँपालिकाको व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावना :

त्रिपुरासुन्दरी गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण तथा खारजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाट बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवद्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन कार्यविधि, २०७४ को दफा ११को उपदफा (२) को ङ (६) ले दिएको अधिकार प्रयोग गरी त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यसकार्यविधिको नाम "त्रिपुरासुन्दरी गाउँपालिकाव्यवसाय दर्ता कार्यविधि, २०७५"रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले स्थानीय सरकार संचालन कार्यविधि, २०७४ सम्भनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका सम्भनुपर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भनु पर्छ ।

(घ)"कार्यालय" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्भनु पर्दछ र सो शब्दले



गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउँदछ ।

३. व्यवसाय दर्ता गरीसंचालन गर्नुपर्ने :गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने : (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-२ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका विवरणहरू खुलेको हुनुपर्छः-

क) व्यवसायको नाम र ठेगाना,

ख) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा,

ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा,

घ) लगानी ,

ङ) व्यवसायीको नाम र ठेगाना ,

च) व्यवसायीको नागरिकताको प्रतिलिपि

छ) व्यवसाय रहने घरधनी/जगाधनीको नाम ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यसउपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरू लिई व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ताभएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-४बमोजिमकोढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउँनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा नियमानुसार लाग्ने दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ ।

५.<u>व्यवसायको नविकरण गर्नुपर्ने</u>:दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरू भएको पैतीस दिनभित्र नियमानुसार लाग्ने दस्तुर तिरी नविकरण गर्नु पर्नेछ ।

६. <u>विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने</u> :(१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा(१) बमोजिम निवेदन परेमाकार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

७. <u>साझेदार थपघट र ठाउँसारी गर्नुपरेमास्वीकृति लिनुपर्ने</u> :

(१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघटगर्नु परेमा आवश्यक कागजातसंलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।



(२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरीरू.एक हजारदस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को वडामा ठाउँसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिश प्राप्त भएकोमा ठाउ'सारी हुने वडा कार्यालयले ब्यबसाय दर्ता कितावमा ठाउ'सारी जनाई साबिकको वडा कार्यालयमा ठाउ'सारीको जानकारी दिनु पर्नेछ।

(४) उपदफा(३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(६) उपदफा (३)बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रू. पाँच सयदस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भईआउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

८. कार्यालयले विवरण माग गर्न, निर्देशन दिनर अनुगमन गर्न सक्ने : (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलकोअनुगमन तथा जाँचवुझ गरीआवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस कार्यविधिबमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

९. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने : (१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

१०.व्यवसाय दर्ता खारेज गर्न सकिने :(१) यस कार्यविधि बमोजिम व्यवसाय दर्ताभएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।



(२) यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क रू. पाँच सय समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशाव्यवसाय संचालन गरेमा वाकार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसायखारेज वा लगत कट्टागर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(६) उपदफा (४)बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँपालिकामा २ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सक्नेछ ।

११. जरिवाना तथा थप दस्तुर लाग्ने :(१) यस कार्यविधिमा तोकिएको समयभित्र व्यवसाय नविकरण नगराएमा नियमानुसार लाग्ने दस्तुरमा थप पच्चीस प्रतिशतजरिवाना लगाई व्यवसाय नविकरण गर्नुपर्नेछ ।

१२. कर छुट तथा मिन्हा दिन सकिने : (१)गाउँपालिका क्षेत्रमा व्यापारव्यवसाय दर्ता गर्न चाहाने महिला तथा अपाङगता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ।

१३.प्रतिलिपि दिन सक्ने :व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी रू. पाँच सयप्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

१४. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने :प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा रू.पाँच सयदस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

१५. व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाहि हुने : (१) प्रचलित कानून र यसं कार्यविधिबमोजिम दर्ता नगरी कुनै पनि व्यवसायगाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई १५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशनदिनुपर्नेछ ।

(२) उपदफा (१)बमोजिम निर्देशन दिएको मितिले १५ दिनभित्र व्यवसाय दर्ता नगरेसा सम्बन्धित व्यक्तिलाई गाउँपालिकाबाटप्रवाह हुने सबै किसिमका सेवा सुविधाहरू वन्दगर्न सकिनेछ ।



(३) उपदफा (२) बमोजिम सेवा सुविधा वन्द गरेको ३ महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर असुल उपर गर्नेछ ।

१६. वाधा अडकाउ फुकाउने अधिकार : (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधिबमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

१७. खारेजी तथा बचाउ : (१) यो कार्यविधि बन्नु भन्दा अगाडि गाउँपालिकावाट भए गरेका कामहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### व्यवसायको विवरण

| सि.नं. | विवरण |
|---|---|
| १ | व्यापारिक वस्तु |
| १.१ | सुन, चाँदी बिक्रेता |
| १.२ | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक /वितरक |
| १.३ | चुरोट, रक्सी |
| | क) थोक बिक्रेता |
| | ख) खुद्रा बिक्रेता |
| १.४ | हलुका पेय पदार्थको थोक बिक्रेता |
| २ | निर्माण सामाग्री |
| | क) सिमेन्ट, छड, धातुका निर्माण सामानको थोक बिक्रेता |
| | ख) सिमेन्ट, छड, धातुका निर्माण सामानको खुद्रा बिक्रेता |
| | ग) अन्य निर्माण समाग्रीहरू |
| ३ | कम्प्यूटर र सो संग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा |
| ४ | विद्युत/सोलार विक्रेता |
| | क) बिजुलीको सामान थोक विक्रेता |
| | ख) बिजुलीका सामान खुद्रा विक्रेता |
| | ग) सौर्यऊर्जाबाट चल्ने विद्युतीय सामाग्री विकेता |
| ५ | रेडियो, घडी, मोवाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा |



| | |
|---|---|
| ६ | फर्निचरका सामान तथा कार्पेट विक्रेता |
| ७ | पेट्रोलियम पदार्थ |
| | क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता |
| | ख) ग्यास तथा मट्टितेल विक्रेता |
| | क) टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता |
| ८ | खाद्यान्न किराना पसल |
| | क) थोक बिक्रेता |
| | ख) खुद्रा विक्रेता |
| ९ | फलफुल तथा तरकारी विक्रेता |
| १० | स्वदेश तथा विदेशी कपडा, तयारी पोसाक र जुत्ता विक्रेता |
| ११ | अन्य सेवा |
| | क) ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| | ख) पेन्टिङ्ग सेवा |
| | ग) पशु वधसाला |
| | घ) मासु विक्रेता |
| १२ | पुल हाउस |
| १३ | सिसा प्लाईउड विक्रेता |
| १४ | भाँडाकुडा विक्रेता |
| १५ | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता |
| १६ | खेलौना तथा उपहार (गिफ्ट) कस्मेटिक विक्रेता |

| | |
|---|---|
| १७ | केबुल/ नेटवर्किङ्ग सेवा |
| १८ | डेरी उद्योग |
| | क) चिस्यान केन्द्र |
| | ख) दुग्ध डेरी |
| १९ | बेकरी तथा कफी सप |
| २० | परामर्शसेवा |
| २१ | सामान ढुवानीकर्ता कम्पनी |
| २२ | उत्पादनमूलक उद्योग |
| | क) ब्लक, इट्टा तथा प्लास्टीक उद्योग |
| | ख) अन्य साना घरेलु उद्योग |
| | ग) कलर ल्याब |
| २३ | फर्निचर उद्योग |
| | क) टूली समेत राखेको स-मिल उद्योग |
| | ख) स-मिल तथा फर्निचर बनाउने उद्योग |
| | ग) सामान्य फर्निचर उद्योग |
| २४ | उर्जामूलक उद्योग (हाईड्रोपावर) |
| | क) १ करोडसम्मको |
| | ख) १ करोडभन्दा बढीको |
| २५ | कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग |
| | क) पचास लाख भन्दा माथि पूँजी भएको |



| | |
|---|---|
| | ख) पन्ध्र देखि पचास लाखसम्मको |
| | ग) पाँच देखि पन्ध्र लाखसम्मको |
| | घ) पाँच लाखसम्मको |
| २६ | खनिज उद्योग |
| २७ | पर्यटन उद्योग |
| | होटल, लज तथा रेष्टुरा |
| | क) वर्ग |
| | ख) वर्ग |
| | ग) वर्ग |
| २८ | सेवा उद्योग |
| | क) सिनेमा हल |
| | ख) अफसेट प्रेस |
| | ग) लेजर प्रेस |
| | घ) कोल्ड स्टोर तथा फास्ट फुड विक्रेता |
| | ङ) अडियो क्यासेट विक्रेता |
| | च) हवाई सेवा बुकिङ काउन्टर |
| | छ) सार्वजनिक परिवहन बुकिङ काउन्टर |
| २९ | क्रसर तथा बालुवा प्रशोधन उद्योग |
| ३० | संचार सेवा (रेडियो एफ.एम.) |
| | क) फोन, फ्याक्स, इमेल, इन्टरनेट तथा फोटोकपी सेवा |

| | |
|---|---|
| | ख) कुरियर सेवा |
| | ग) अखबार छपाई तथा प्रकाशन |
| | घ) रेडियो एफ.एम. |
| | ङ) केबुल टेलिभिजन |
| ३१ | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता |
| ३२ | वित्तीय सेवा |
| ३२.१ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने क बर्गका बैंकको शाखा |
| ३२.२ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ख बर्गका बैंकको शाखा |
| ३२.३ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ग बर्गका बैंकको शाखा |
| ३२.४ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने घ बर्गका बैंकको शाखा |
| ३२.५ | विमा कम्पनी शाखा |
| ३२.६ | सहकारी बैंक तथा अन्य वित्तिय संस्था |
| ३३ | सहकारी संस्था |
| | क) दस लाखभन्दा बढी पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ख) दस लाखसम्म पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ग) अन्य सहकारी संस्था |
| ३४ | स्वास्थ्य सेवा |
| | क) गैर सरकारी अस्पताल |
| | ख) नर्सिङ होम/पोलिक्लिनिक |



| | |
|---|---|
| | ग) मेडिकल फर्मा |
| ३५ | तालिम केन्द्र |
| | क) टाईपिङ तथा कम्प्यूटर इन्स्टिच्यूट र भाषा प्रशिक्षण |
| | ख) सिलाईबुनाई तथा अन्य साना प्रशिक्षण केन्द्र |
| ३६ | मर्मत सम्भार/वर्कशप |
| | क) हेवी ईक्युपमेन्टस्, बस, ट्रक, जिप, कार, ट्याक्टर |
| | ख) मोटरसाईकल, टेम्पो |
| | ग) टि.भि., फ्रिज, मोटर, पंखा, हिटर |
| | घ) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन, स्टोप, ग्यास चुल्हो आदि |
| | ङ) साईकल मर्मत तथा बिक्री |
| ३७ | विविध व्यवसाय |
| ३७.१ | कपडा, जुत्ता तथा फेन्सी पसल |
| ३७.२ | मेशिनरी पार्टपुर्जा पसल |
| ३७.३ | पान पसल |
| ३७.४ | खाना तथा नास्ता पसल |
| ३७.५ | मिठाई तथा चिया पसल |
| ३७.६ | पोल्ट्री, पशु फर्म/दाना डिपो/एग्रोभेट |
| ३७.७ | कन्सल्टेन्सी |
| ३८ | सप्लायर्स |

| | |
|---|---|
| | क) एक लाख भन्दा बढीको सामान सप्लायर्स |
| | ख) एक लाखसम्मको सामान सप्लायर्स |
| | ग) पचास हजारसम्मको सामान सप्लायर्स |
| ३९ | टेन्ट हाउस |
| ४० | रासायनिक मल, विषादी पसल तथा बिउ विजन बिक्रेता |
| ४१ | सुर्ती पसल थोक तथा खुद्रा बिक्रेता |
| ४२ | मिल ( कुटानी पिसानी ) |
| ४३ | संस्था दर्ता |
| ४३.१ | नाफामुलक |
| ४३.२ | गैरनाफा मुलक |
| ४४ | अन्तराष्ट्रिय गैर सरकारी संस्था |
| ४५ | कवाडी व्यवसाय |



# अनुसूची–२

## दफा ४ को उपदफा (१) सँग सम्बन्धित

## व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
त्रिपुरा सुन्दरी गाउँपालिका
पिस्कर, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
..............................

विषय : व्यवसाय दर्ता /नविकरण गर्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ............................................. व्यवसाय दर्ता/नविकरण गर्नुपरेको ले त्रिपुरासुन्दरीगाउँपालिकाकोव्यवसाय दर्ता कार्यविधि,२०७५ को दफा ४बमोजिम यो निवेदन दिएको छु/छौं ।

१. व्यवसायीको नाम, थर : ......................................
२. स्थायी ठेगाना : .................. जिल्ला ............. न.पा. ............ वडा नं..............
३. नागरिकता नं.:......................... जारी जिल्ला र गते :...............................
४. फर्म/कम्पनीको नाम : ..........................................................................
५. व्यवसाय रहेन स्थानको ठेगाना : वडा नं. .................
फोन नं. : .................. . इमेल :..................................
६.व्यवसायको प्रकृतिः ......................................
७. कारोबार गर्ने वस्तु :.........................
८. लगानी (रू.मा) : .......................
९.भाडामा रहेको भए व्यवसाय रहने घरको घरधनीको नाम, थर...................................
ठेगाना : ................. वडा नं. .................
मिति : ....................... निवेदकको दस्तखत

अनुसूचि ३
दफा ४ को उपदफा (३) सँग सम्बन्धित

## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिस्कर, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

व्यवसाय दर्ता किताव

| क.सं. | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृति | पूजी | एकलौटी / साझेदारी | दर्ता मिति | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |



अनुसूची ४
दफा ४ को उपदफा (३) सँग सम्बन्धित

## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिस्कर, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

### व्यवसाय दर्ता प्रमाण पत्र

फोटो

दर्ता मिति :

प्रमाणपत्र नं :

त्रिपुरासुन्दरी गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७५ बमोजिम व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायीको विवरण : एकल ☐ साझेदारी ☐

१. (क) व्यक्तिको नाम, थर :.................................

(ख) नागरिकता नं: ........... जारी जिल्ला र मिति :.......

२. ठेगाना:.........................................................

३. फोन:..................... ई-मेल:........................

**व्यवसायको विवरण :**

१. व्यवसायको नाम : ..........................................
२. पूंजीगत लगानी (रू मा) : ....................................
३. व्यवसाय रहने स्थान : त्रि.सु.गा.पा. वडा नं. .... टोल ......
४. व्यवसाय बहालमा रहेकामा घरधनीको नाम : ...............
५. कारोबार गर्ने वस्तु सेवाको विवरण :

शर्तहरू

१) प्रत्येकआ.व.को असाढ मसान्त भित्र व्यवसाय नविकरण गरीसक्नु पर्नेछ ।

२) व्यवसाय गरी आएको स्थान बदल्नु परे गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

३) आफुले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरूले हेर्न चाहेको बखतमा तुरून्त देखाउनुपर्दछ ।

५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरू प्रयोग गर्न पाइने छैन।

६) आफुले संचालन गरेको व्यवसायको फोहरमैलातोकिएको स्थानमा राख्नु पर्नेछ।

७) उल्लेखित शर्तनामाहरू पालना नगरेमा गाउँपालिकाले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः२०७५।०५।०६

आज्ञाले,

राजेन्द्र प्रसाद नेपाल

प्रमुख प्रशासकीय अधिकृत